# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड
## १८औं वार्षिक साधारणसभा

## काम कारवाहीको विवरण (माइन्यूट)

**१. बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र यस विकास बैंकको नियमावली बमोजिम बैंकको १८औं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८३ साल आश्विन २८ गते बुधवार (तद्नुसार अक्टोवर १४, २०२६) ।
समय : अपरान्ह ११ : ३० बजे ।
स्थान : होटल सेफ्रन सि.के. प्रा.लि. (हायात प्लेस), बुटवल, रुपन्देही ।

**३. सभाको सूचना जारी**

३.१. मिति २०८३ आश्विन २ गते बसेको सञ्चालक समितिको ३३९औं बैठकले निर्णय गरे बमोजिम यस विकास बैंकको १८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा यस विकास बैंकको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार मिति २०८३ आश्विन ५ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र २०८३ आश्विन १६ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

३.२. कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा १८औं वार्षिक साधारणसभा बस्ने बारेको सूचना संलग्न गरी पठाइएको ।

३.३. कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१(एक्काईस) दिन अगावै तयार गरी केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

**४. सभामा प्रस्तुत छलफलका विषयहरु**

**४.१ सामान्य प्रस्तावहरु :**

४.१.१. आ.व. २०८२/०८३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

४.१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

४.१.३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुने रकम रु. ५०,२१,९७,२७२/९९ (अक्षरेपी पचास करोड एक्काइस लाख सन्तानब्बे हजार दुई सय बहत्तर रुपैंया र पैसा उनान्सय मात्र) नगद लाभांश (नगद लाभांश र बोनस शेयरको कर सहित) वितरण गर्न स्विकृत गर्ने ।

४.१.४. आर्थिक बर्ष २०८३/०८४ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

### ४.२. विशेष प्रस्तावहरु :

४.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ६ (छ) प्रतिशतले हुने रकम रु. ३०,१३,१८,३६३/८० (अक्षरेपी तीस करोड तेह्र लाख अठार हजार तीन सय त्रिसट्ठी रुपैंया र पैसा असी मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने ।

४.२.२. सञ्चालकको बैठक भत्ता तथा अन्य सुबिधाहरु बृद्धि/थप गर्ने र सोही बमोजिम नियमावलीको सम्वन्धित नियम संशोधन गर्ने ।

४.२.३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

४.४.३. विविध

## ५. सभामा उपस्थिति

### ५.१ सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| ५.१.१. श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| ५.१.२. ई. सुरज उप्रेती | सञ्चालक | उपस्थित |
| ५.१.३. श्री बिरेन्द्र भुसाल | सञ्चालक | उपस्थित |
| ५.१.४. श्री बिरेन्द्र बिष्ट | सञ्चालक | उपस्थित |
| ५.१.५ श्री नम्रता भण्डारी | सञ्चालक | उपस्थित |
| ५.१.६ डा. हिमाल भट्टराई | सञ्चालक | उपस्थित |
| ५.१.७ प्रा.डा. गणेश प्रसाद पाठक | स्वतन्त्र सञ्चालक | उपस्थित |

### ५.२ पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| ५.२.१ श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ५.२.२ श्री लोकराज पनेरु | नायव प्रमुख कार्यकारी अधिकृत |
| ५.२.३ श्री यशोधन पाण्डेय | सहायक महाप्रवन्धक |
| ५.२.४ श्री भुवन प्रसाद पन्थ | मूख्य प्रवन्धक |
| ५.२.४ श्री लालमणी पन्थी | मूख्य प्रवन्धक |
| ५.२.५ श्री गोपाल खनाल | प्रवन्धक |
| ५.२.६ श्री प्रवास राई | प्रवन्धक |

### ५.३ शेयरधनीहरुको उपस्थिति

५.३.१. संस्थापक शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित ६७ जना र प्रोक्सी मार्फत १७६ जना उपस्थिती भै कुल शेयर संख्या २,१३,०७,१९२ कित्ता ।

५.३.२. सर्वसाधारण शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित २६२ जना र प्रोक्सी मार्फत १९० जना उपस्थित भै कुल शेयर संख्या ७०,७४,०७३ कित्ताको प्रतिनिधित्व ।

५.३.३. कुल उपस्थित शेयर संख्या २,८३,८१,२६६ कित्ता ।

५.३.४. शेयरको कुल उपस्थिति प्रतिशत ५६.५१ प्रतिशत ।

६. **सभाको गणपूरक संख्या**

| विवरण | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | उपस्थित जम्मा शेयर संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **५०,२१९,७२७** | ३२९ | ३६६ | ६९५ | २८,३८१,२६६ | ५६.५१% |

कम्पनीको कुल शेयर कित्ता मध्ये १,४८,८४,८४० शेयर कित्ताका ३२९ जना शेयरधनीहरु स्वयं उपस्थित हुनुभएको र १,३४,९६,४२६ शेयर कित्ताका ३६६ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई बाँडफाँड भएको कुल शेयर संख्याको ५६.५१ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

७. **सभाको वैधानिकता**

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनी मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार उल्लेखित तालिका बमोजिमका शेयरधनीहरुको उपस्थिती रहेकोले गणपूरक संख्या पुगेको अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

८. **सभाको अध्यक्षता**

कम्पनी ऐन, २०६३ को दफा ७४, उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षताको लागि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भए बमोजिम उहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, संस्थाका पदाधिकारीहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

९. **१८औं वार्षिक साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसारका साधारण र विशेष प्रस्तावहरु छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो ।

१०. **छलफलको लागि आव्हान**

साधारणसभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्नसक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको १८औं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझाव**

सभामा सर्वसाधारण शेयरधनी श्री पिताम्वर खनालले खराव कर्जा व्यवस्थापन सम्वन्धमा राखेका जिज्ञासाहरु उपर प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जवाफ दिनु भयो ।

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

## १२. सभाको निर्णय

### १२.१. साधारण प्रस्ताव

१२.१.१. आ.व. २०८२/०८३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुने रकम रु. ५०,२१,९७,२७२/९९ (अक्षरेपी पचास करोड एक्काइस लाख सन्तानब्बे हजार दुई सय बहत्तर रुपैया र पैसा उनान्सय मात्र) नगद लाभांश (नगद लाभांश र बोनस शेयरको कर सहित) वितरण गर्न स्विकृत गर्न पेश गरेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.४. आर्थिक बर्ष २०८३/०८४ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्ताव देहाय बमोजिम हुनेगरी सभाबाट सर्वसम्मतले पारित भयो ।

आर्थिक बर्ष २०८३/०८४ को लेखापरीक्षण गर्नका लागि **एनबिएसएम एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स, नक्साल, काठमाण्डौं** लाई मूल्य अभिबृद्धि कर सहित रु. २२,६०,०००/- (अक्षरेपी बाइस लाख साठी हजार मात्र) लेखापरीक्षण शुल्क भुक्तानी गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

### १२.२. विशेष प्रस्ताव

१२.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ६ (छ) प्रतिशतले हुने रकम रु. ३०,१३,१८,३६३/८० (अक्षरेपी तीस करोड तेह्र लाख अठार हजार तीन सय त्रिसट्ठी रुपैया र पैसा असी मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव देहाय बमोजिम सर्वसम्मतीले पारित भयो ।

**प्रवन्ध-पत्र तर्फ :**

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

**(ख)** जारी पूँजी रु. ५,३२,३२,९१,०९३/७३ (अक्षरेपी पाँच अर्ब बत्तिस करोड बत्तिस लाख एकानब्बे हजार त्रियानब्बे रुपैया र पैसा त्रिहत्तर मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ५,३२,३२,९१०/९४ (पाँच करोड बत्तिस लाख बत्तिस हजार नौ सय दश दशमलव चौरानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग)** चुक्ता पूँजी रु. ५,३२,३२,९१,०९३/७३ (अक्षरेपी पाँच अर्ब बत्तिस करोड बत्तिस लाख एकानब्बे हजार त्रियानब्बे रुपैया र पैसा त्रिहत्तर मात्र) हुनेछ ।

१२.२.२. सञ्चालकको बैठक भत्ता तथा अन्य सुबिधाहरु बृद्धि/थप गर्ने र सोही बमोजिम नियमावलीको सम्वन्धित नियम संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव देहाय बमोजिम सर्वसम्मतीले पारित भयो ।

**नियमावली तर्फ**

**नियम ३२ (२) ख**

सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालक समितिका अध्यक्षको बैठक भत्ता रु. १५,०००/- (पन्ध्र हजार मात्र) र सञ्चालकहरुको बैठक भत्ता रु. १३,०००/- (तेह्र हजार मात्र) हुनेछ ।

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

**नियम ३२ (२) ग**

विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

(आ) होटलमा बस्दा प्रतिदिन अधिकत्तम रु ९,०००/- (नौ हजार मात्र) सम्मको वास्तविक बिल बमोजिमको खर्च ।

१२.२.३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**१२.३. विविध**

विविध विषय अन्तर्गत छलफलको लागि कुनै विषयवस्तु नरहेको ।

**१३. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

१८औं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार कम्पनी, कानूनी सल्लाहकार, सञ्चालक समिति, बैंकमा कार्यरत कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह १:३० बजे सभा बिसर्जन गर्नुभयो ।

..........................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

..........................
थानेश्वर पौडेल
अध्यक्ष (सञ्चालक समिति)